"कला, संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०८०/०८१

चलानी नं :-

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

मिति: २०८०।०८।२२

### छात्रवृत्ति आबेदन सम्बन्धी सूचना

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरू (सबै)
टोखा नगरपालिका, काठमाडौं ।

प्रस्तुत सम्बन्धमा यस टोखा नगरपालिकाको चालु आर्थिक वर्ष २०८०।८१ को स्वीकृत कार्यक्रमअनुसार यस नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूलाई विद्यालय शिक्षा र उच्च शिक्षा अध्ययनका लागि टोखा छात्रवृत्ति कोष (संचालन) कार्यविधि, २०७९ अनुसार शैक्षिक छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था भएको हुँदा तपसिल बमोजिमको मापदण्ड पूरा गर्ने विद्यार्थीहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक कागजातसहित नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नुहुन सम्वन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**छात्रवृत्तिको कोटासम्बन्धी व्यवस्था**

| क्र.सं. | कक्षा वा तह | अधिकतम सङ्ख्या |
|---|---|---|
| १ | बालविकास कक्षा वा पूर्व प्राथमिक विद्यालय | १० |
| २ | आधारभूत तह (कक्षा १-८) | १५ |
| ३ | माध्यामिक तह (कक्षा ९-१०) | ५ |
| ४ | माध्यामिक तह (कक्षा ११-१२) | ४ |
| ५ | स्नातक वा सो सरह | २ |
| ६ | स्नातकोत्तर तह वा सो भन्दा माथि | १ |

**छात्रवृत्ति छनोटका आधारहरू**

| स्थानीयता | विपन्नता | दलित | बाबु वा आमामध्ये कुनै एक वा दुवै अभिभावक साथमा नभएको | अपाङ्गता | छात्रा | कर्मचारी सन्तती | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १० | १० | १० | १० | ५ | २ | ३ | ५० |

**आवेदन साथ पेस गर्नुपर्ने कानजातहरू**

१. तोकिएको ढाँचामा निवेदन ।

२. स्थानियताको हकमा नागरिकता वा बसाइसराइको प्रमाणपत्र तथा अपाङ्गता र दलितको हकमा सम्बन्धित आयोग वा जिल्ला प्रशासन कार्यालयको सिफारिसको प्रतिलिपि ।

३. विपन्नताको हकमा गरिवीको परिचय पत्रको प्रतिलिपि वा सो नभएको अवस्थामा सम्बन्धित स्थानिय तहले व्यहोरा खुलाई दिएको सिफारिसको सक्कलै पत्र ।

"कला, संस्कृतियुक्त, स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०८०/०८१

चलानी नं :-

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

४. जन्म दर्ता वा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।

५. सम्बन्धित शैक्षिक संस्थाको अध्ययनरत रहेको सिफारिस पत्र ।

६. आफू अध्ययन गरिरहेको कक्षाभन्दा तल्लो कक्षाको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि ।

७. विद्यार्थी स्थायी रुपमा बसोबास गर्दै आएको वडा कार्यालयको सिफारिस पत्र ।

८. कर्मचारी वा सन्तति परिवारको बालबालिकाको हकमा अभिभावकको नियुक्ति पत्र ।

९. बाबु वा आमामध्ये कुनै एक वा दुवै अभिभावक नभएको हकमा सम्बन्धित वडा र जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको प्रतिलिपि ।

१०. अघिल्लो कक्षामा छात्रवृत्ति पाएको भएमा जम्मा विद्यालय खुलेको दिनको ७० प्रतिशत हाजिरी भएको विद्यालयको सिफारिस पत्र ।

११. आफू अध्ययनरत रहेको शैक्षिक संस्थाको खाता रहेको बैंकको चेकको प्रतिलिपि ।

...................
बाबुराम गौतम
प्रमुख शिक्षा अधिकृत

अनुसूची १

## अभिभावक वा विद्यार्थीले दिने निवेदनको ढाँचा

श्रीमान शाखा प्रमुखज्यू                                        मितिः २०८० /  /

शिक्षा, युवा तथा खेलकुद शाखा, टोखा नगरपालिका।

**विषय : छात्रवृत्तिमा अध्ययन गर्न पाऊँ भन्ने बारे ।**

प्रस्तुत विषयमा निम्न विवरणसहित छात्र{त्तिका लागि निवेदन पेश गरेको छु ।

१. विद्यार्थीको नाम, थर :          लिङ्ग:          जन्म मिति:

२. विद्यार्थीको स्थायी ठेगाना: (क) प्रदेश:          (ख) जिल्ला :          (ग) स्थानीय तहको नाम र वडा :

३. विद्यार्थीको अस्थायी ठेगाना: (क) प्रदेश:          (ख) जिल्ला :          (ग) स्थानीय तहको नाम र वडा :

४. अभिभावकको नाम, थर र पेशा:

(क) बाबुको नाम थर:          पेशा          सम्पर्क नं.

(ख) आमाको नाम थर:          पेशा          सम्पर्क नं.

(ग) स्थानीय अभिभावकको नाम (भएमा):          नाता:          सम्पर्क नं.

५. आवेदन दिन चाहेको विद्यालयको नाम:          ठेगाना :          किसिम:

६. यस अघि छात्रवृत्तिको विवरण: (क) पाएको /नपाएको (ख) छात्रवृत्तिको किसिम:          (ग) सुविधा रकम:

७. छात्रवृत्तिमा पढ्न चाहेको (क) कक्षा:          (ख) तल्लो कक्षा र जिपिए:          (ग) यस अघिको विद्यालय:

(ग) आवेदन दिन चाहेको समूह तलकामध्ये कुनै एउटामा (√) चिह्न लगाउनुहोस् :

**अ. स्थानीय आ. विपन्न इ. दलित ई. बाबु वा आमामध्ये कुनै एक वा दुवै नभएको उ. छात्रा ऊ. अपाङ्ग ए. कर्मचारी सन्तति**

५ आर्थिक अवस्था:

(क) विद्यार्थीको परिवारको कुनै पनि सदस्यको नोकरी, व्यापार, व्यवसाय र आय–आर्जनको व्यवस्था भए/नभएको ..... ..... ..... .....

(ख) जीवन निर्वाह गर्न आवश्यक पर्ने न्यूनतम आम्दानी नभई अनिवार्य शिक्षाको लागि आवश्यक पर्ने सुविधा उपलब्ध गराउन नसक्ने अवस्थामा रहेको वा नरहेको ..... ..... ..... .....

(ग) राष्ट्रिय योजना आयोगबाट परिभाषित भए बमोजिम निरपेक्ष गरीबीको रेखामा पर्ने र सो भन्दा कम आम्दानी भएको वा नभएको ..... ..... ..... .....

(घ) गरिब परिवार परिचयपत्र रहेको भए सोको नम्बर:

<u>आवेदन साथ पेश गर्नु पर्ने कागजातहरूको विवरण</u>

१. अघिल्लो कक्षाको मार्कसिट/ग्रेडसिटको प्रतिलिपि,

२) जुन समूह हो त्यससँग सम्बन्धित आधिकारिक निकायको सिफारिस पत्र वा प्रमाणपत्रको प्रतिलिपि,

३) विद्यार्थीको जन्मदर्ता प्रमाणपत्र तथा अभिभावकको नागरिकता प्रमाणपत्र

४) स्थायी ठेगाना खुलेको सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र, सम्बन्धित शैक्षिक संस्थामा अध्ययनरत रहेको सिफारिस पत्र,

५) आफू अध्ययनरत रहेको शैक्षिक संस्थाको खाता रहेको बैंकको चेकको प्रतिलिपि ।

..... ..... ..... .....

उपरोक्तानुसारको विवरण साँचो हो गलत ठहरे कानुन अनुसार सहुँला /बुझाउँला ।

विद्यार्थी वा अभिभावकको दस्तखत:

नाम:

सम्पर्क नम्वर: